# जलवायु कृषक पाठशाला

## जलवायू कृषक पाठशालाको अवधारणा

जलवायु र यसमा आउने परिवर्तनले मानव जिवनको हरेक पक्षमा पार्ने प्रभावका कारण वर्तमान विश्वमा यो सर्वाधिक चासोको विषय बनेको छ । कृषि क्षेत्रमा यसको प्रभाव अत्यन्तै धेरै छ । मौसममा आउने बदली, तापक्रममा हुने उतारचढाव, वर्षा चक्रमा भईरहेको परिवर्तन आदिका कारण कृषकहरूले न समयमा बाली लगाउन पाउँछन्, न त योजना अनुसार बाली भित्र्याउन नै पाउँछन् । उल्टै अनपेक्षित रोग तथा किराहरूको प्रकोप सहनु पर्ने अवस्था छ । यिनै कुराहरूलाई ध्यान दिई जलवायु कृषक पाठशालाको अवधारणा आएको हो ।

## जलवायु कृषक पाठशाला के हो ?

जलवायु कृषक पाठशाला सामान्यतः कृषक पाठशालाको सिद्धान्तमा आधारित विधि हो । विभिन्न विषयहरूमा केन्द्रित भएर किसानहरूबीच एकापसमा सिक्ने र सिकाउने कामका लागि संसारका धेरै ठाउँहरूमा यो विधिलाई प्रयोगमा ल्याउदै आएको पाइन्छ । जलवायु परिवर्तन, त्यसका असरहरु एवं प्रभावहरु र ती संग अनुकूलन हुन आवश्यक ज्ञान, सीप तथा प्रविधि विषयमा केन्द्रित हुने भएकोले यसलाई जलवायु कृषक पाठशाला भनिएको हो । त्यसैले यो पाठशालामा किसानहरूले जलवायु परिवर्तन र त्यसका असरहरु, त्यसबाट सिर्जित समस्या र निराकरण अर्थात अनुकूलनका उपायको रूपमा जलवायु मैत्री खेती प्रणाली एवं प्रविधिहरु र तिनीहरूको उपयोग गर्ने सम्बन्धी ज्ञान तथा सीप हासिल गर्नेछन् ।

समूहगत छलफल, अनुभवको आदान प्रदान र खेतीबालीहरूमा गरिने परिक्षणहरु सिकाईका आधारहरु हुन् । त्यसैले यस प्रक्रियामा समूहमा छलफल गर्न र सदस्यहरूबीच अनुभवलाई आदान प्रदान गर्न प्रोत्साहित गर्ने तथा आफ्नै खेतीबालीमा विभिन्न किसिमका परिक्षणहरु गर्ने कार्यलाई बढी जोड दिइनेछ ।



## जलवायु कृषक पाठशाला किन ?

जलवायु भनेको कुनै ठाउँको मौसमको लामो समयको औसत अवस्था हो । खास गरी तापक्रम र वर्षाका दशकौं वा सयौं वर्षहरूको अभिलेख विश्लेषण गरी निकालिएको सरदर अवस्थालाई जलवायु भनिन्छ । विश्व मौसम संघका अनुसार, कम्तीमा ३० वर्ष अवधिको मौसमी आँकडाको औसत अवस्थालाई जलवायु भन्ने गरिन्छ । जलवायु त्यस्ता सूचकांकहरु सामान्यतया स्थिर नै रहन्छन् ।

जलवायु परिवर्तन भन्नाले स्थिर रहनुपर्ने जलवायुका सूचकांकहरु बदलिन थालेको अर्थ लाग्छ । विश्वका विभिन्न स्थानमा स्थापना गरिएका मौसम अवलोकन केन्द्रहरूबाट प्राप्त झण्डै १५० वर्ष अवधिको तापक्रमको अभिलेखले पृथ्वीको सतहको तापक्रम स्पष्टरूपमा बढिरहेको देखाएको छ तर त्यो वृद्धिदर सबै ठाउँमा समान भने छैन । जलवायु परिवर्तन एक अनिवार्य प्राकृतिक प्रक्रिया हो जसबाट कुनै पनि प्राणी अछुतो रहन सक्दैनन् । यसको असर कृषिमा आश्रित मानिस, तिनको समुदाय तथा उनले गर्ने कृषि कर्ममा झनै बढी परेको छ । जलवायु परिवर्तन भनेको के हो ? यसका असरहरु के के हुन् भन्ने देखि लिएर त्यसबाट बच्नका लागि दीगो उपायहरु के के हुन सक्छन् ? ती उपायहरूलाई कसरी प्रयोग गर्ने र त्यसबाट कसरी लाभ लिन सकिन्छ भन्ने बारे बुझ्न अति जरूरी छ ।

## कृषक पाठशालाका ऐतिहासिक पृष्टभूमी

साना कृषकहरूले गर्ने कृषि कर्मलाई दीगो, हरित एवं नाफामूलक बनाउने उद्देश्यले आवश्यक ज्ञान तथा सीप विकासका लागि संसारका धेरै ठाउँहरूमा कृषक पाठशाला संचालन गर्दै आएको पाइन्छ । कृषक र तिनीहरूले गर्ने कृषि कर्म र त्यससंग सम्बन्धित समस्याहरु समाधानमा

केन्द्रित भई संचालन गरिने पाठशाला आफैमा एक सफल सिकाइ विधि पनि हो । यसले सहभागितात्मक, रचानात्मक र अन्तरक्रियात्मक पद्धतिबाट सिकाइ प्रकृयालाई अगाडी बढाउदै नयाँ उपायहरूको खोजी तथा समस्या समाधानमा विशेष जोड दिन्छ ।

कृषि तथा खाद्य संगठन (एफएओ) ले शुरूमा एकिकृत शत्रुजीव व्यवस्थापनका लागि प्रयोगमा ल्याएको कृषक पाठशाला अहिले वृहत्तर प्रयोगमा छ । अहिले कृषि क्षेत्रका अतिरिक्त पशुपालन एवं गैह्र कृषि क्षेत्रमा पनि यो विधि मार्फत कृषकहरूलाई एकिकृत र उनीहरूको क्षमता अभिवृद्धि गर्दै आएको पाइन्छ । विषयबस्तुको आधारमा सामान्यतया एक बाली चक्र तथा बढीमा एक वर्षसम्म पाठशाला संचालन गर्न सकिन्छ ।

## जलवायु कृषक पाठशालाका सिद्धान्तः

कृषक पाठशाला सम्बन्धी वृहत जानकारी हासिल गर्न यसका आधारभुत सिद्धान्तहरु बुझ्नु जरूरी छ । समयक्रममा यसमा केहि सिद्धान्तहरूमा परिवर्तन गरिदै आएता पनि मुलरूपमा यसका सिद्धान्तहरु निम्नअनुसार छन्ः

**समूह केन्द्रित सिकाईः** समूह केन्द्रित सिकाई कृषक पाठशालाको यो एक प्रमुख सिद्धान्त हो । पाठशालामा के सिक्ने भन्ने कुरा कृषक समूह र समूहका सदस्यहरूले सामूहिक छलफल गरी आफै निर्णय गर्दछन् । सहजकर्ताले छलफललाई सहजीकरण गरी समूहका सदस्यहरूलाई सही निर्णय लिन सहयोग गर्ने मात्र हो ।

**प्रयोगात्मक विधिः** प्रयोगात्मक विधि कृषक पाठशालाको सिकाइको प्रमुख आधार हो । कृषक पाठशालाले व्यावहारिक अभ्यासलाई जोड दिन्छ । यसमा दुई अलग अलग उपायहरु अथवा परम्परागत र अनुकूलनका प्रविधिहरूको बिचमा तुलनात्मक अध्ययन गरिन्छ । यसका साथै समस्या समाधानका लागि निस्केका उपायहरूको पुष्ट्याई गर्नका लागि पनि प्रयोगात्मक विधि अनिवार्य छ ।

**सहजीकरण विधि :** कृषक पाठशाला भनेको समूह केन्द्रित तथा गर्दै र सिक्दै जाने विधि भएकोले यसको संचालनका लागि सहजकर्ताको भूमिका महत्वपूर्ण हुन्छ । यसमा प्रत्यक्ष सिकाउने वा पढाउने नभई सिक्ने प्रक्रियालाई सहजीकरण गरिन्छ ।

**समस्यामा आधारित पाठ्यक्रमः** कृषकका समस्याहरु नै कृषक पाठशालाका पाठ्यक्रमका आधारहरु हुन् । त्यसकारण समस्याहरूको पहिचान सही तवरले गर्नु जरूरी हुन्छ ।

**नियमित समूह छलफलः** समूहको छलफल नियमित रूपमा हुने गर्दछ । एक निश्चित समयको अन्तरालमा हुने समूह छलफलको समय तोक्ने काम समूहले गर्दछ । प्रायः हप्तामा एक पटक वा हरेक पन्ध्र दिनमा एक पटक यस्तो छलफल गर्ने गरिन्छ तर यसको निर्धारण पाठशालाका लागि छनौट गरिएको विषयबस्तुमा भर पर्दछ ।

**कृषक समूहः** समूह नै कृषक पाठशालाको मुख्य तत्व हो । समान रूची भएका २० देखि २५ जना कृषकहरु एउटा समूहमा रहन सक्छन् । समुदायमा विद्यमान समूह अथवा नयाँ समूह बनाई कृषक पाठशाला संचालन गर्न सकिन्छ ।

**सहजकर्ताः** कृषक पाठशालाको मुख्य तत्व भनेको सहजकर्ता हो । सहजकर्ताले कति राम्रोसंग सहजीकरण गर्‍यो भन्ने कुराले पनि पाठशालाको सफलता निर्धारण गर्दछ । सहजकर्ताले विषयबस्तुहरूको प्रस्तुति र छलफललाई सहजीकरण गर्दै समूहलाई व्यावहारिक अभ्यास तर्फ लैजान सक्नु पर्दछ । सहजकर्तामा प्राविधिक विषयहरूमा पर्याप्त जानकारी, प्रभावकारी सहजीकरण सीप र अन्य निकायहरूसंग सम्पर्क र समन्वय गर्न सक्ने खुवी हुनु अनिवार्य छ । कृषि प्राविधिक र पशुसेवा प्राविधिकहरु स्वंयले जलवायु कृर्षक पाठशालाको सहजीकरण गर्ने छन् ।

यसरी नै समूहका अगुवा कृषक छनोट गरी सह-सहजकर्ता रूपमा परिचालन हुनेछन् । र उनीहरूको प्राविधिक क्षमता अभिवृद्दि समेत हुनेछ । यसबाट परियोजनाको समापन पश्चात पनि समूहमा सह सहजकर्ता उपलब्ध हुने र यसले दीगोपना सुनिश्चित गर्नेछ ।



## सहजकर्ता र सह-सहजकर्ताको भूमिकाहरु

- मुख्यगरि सहजकर्ता र सह-सहजकर्ताको भूमिकाहरु कृषक पाठशालालाई व्यवस्थित एवं प्रभावकारी रूपमा

संचालन गर्ने, नियमित समूह छलफल एवं छनोट भएका वालीहरू फिल्ड परिक्षणकार्यहरु गर्ने र समिक्षा गर्ने ।

- जलवायु कृषक पाठशाला सहजीकरण पुस्तिकाको मार्गदर्शन अनुरूप सिकाई तथा समिक्षाका बुँदाहरूको दस्तावेज गर्ने र कृषक समूहको वार्षिक योजना तर्जुमा गरी सो कार्यन्वयनकालागि कृषकहरूलाई परिचालन गर्ने तथा जनवकालत योजना तर्जुमा गरी कार्यान्वयनका लागि सहजीकरण गर्ने ।
- स्थानीय सरकार तथा अन्य सरकारी र गैह्रसरकारी निकायहरूसंग सम्पर्क र समन्वय गर्ने र ती निकायहरूबाट सेवा तथा स्रोतमा ल्याउन सहजीकरण र उपयुक्त वातावरण तयार गर्ने ।

## कृषक समूहको जिम्मेवारी:

जलवायु कृषक पाठशालाको प्रभावकारी कार्यान्वयनका लागि स्वयं कृषक समूहको ठुलो भूमिका हुन्छ । समूहका सदस्यहरूको परिचालनदेखि स्थानीय निकाय, संघ संस्था तथा अन्य सरोकारवाला निकायहरूसंग सम्पर्क समन्वय गर्ने र आवश्यक श्रोतहरूको व्यवस्थापन गर्दै भविश्यमा पाठशालाको निरन्तर संचालन गर्ने सम्मका कार्यहरु समूहको जिम्मेवारी भित्र पर्दछ । यसरी नै पाठशाला सञ्चालनका लागि आवश्यक स्थानीय सामाग्र जस्तै बाँस, पराल, कम्पोष्ट मलहरूका व्यवस्था गर्ने र परियोजनाको तर्फबाट हुने अनुगमन एवं मुल्याङ्कन कार्यमा सहयोग गर्ने ।



## सहयोगी निकायको जिम्मेवारी:

सहयोगी निकायको रूपमा रूपान्तरणले जलवायु कृषक पाठशाला संचालनका लागि समूह तथा समुदाय परिचालन, न्युनतम श्रोतहरूको व्यवस्थापन, क्षमता अभिवृद्धिका लागि तालिम तथा परामर्शका लागि सहजीकरण गर्नेछ । आवश्यकता अनुरूप कृषक समूहले अन्य निकायहरूबाट पनि स्रोत साधनहरु उपलब्ध गर्न सक्नेछन् ।

## जलवायु कृषक पाठशालाका पाठ्यक्रम


समूहका सदस्यहरु र तिनका व्यवसाय, मुख्य रूपमा तरकारी खेती, वाख्रापालन तथा स्याउ खेती सम्बन्धी जुनकुनै विषय कृषक पाठशालाका लागि अध्ययनको विषय हुन सक्छ । समूहमा छलफल गरी सामुहिक चासोको विषयहरु र स्थानीय कृषकहरूले भोगिरहेका समस्याहरू र ती समस्याहरूसंग सामना गर्न आवश्यक प्रविधि तथा अन्य उपायहरूलाई प्राथमिकतामा राखी विषयबस्तुहरूको छनौट गरिन्छ ।

## जलवायु कृषक पाठशालाको सिकाई विधि

कृषक पाठशालामा सैद्धान्तिक र व्यावहारिक अभ्यासलाई एकसाथ अवलम्बन गरिन्छ । प्रयोगात्मक र गर्दै सिक्दै जाने यसका मुख्य सिकाई विधिहरु हुन् । यसका लागि प्रयोगात्मक स्थलको व्यवस्था पनि गरिन्छ ।

## बाली चक्रमा आधारित सिकाई

जलवायु कृषक पाठशाला बाली चक्रमा आधारित हुन्छ । छनौट गरिएको बालीको प्राकृतिक चक्रको आधारमा पाठ्यक्रमको विकास र त्यही अनुरूप संचालन गरिन्छ । उदाहरणका लागि तरकारी खेतीमा नर्सरीदेखि बाली टिपाईसम्म पाठशाला संचालन गरिने । यसरी नै बाख्रा तथा स्याउ वालीका लागि उपयुक्त बाली चक्रको चरणबाट पाठशाला सञ्चालन गर्न सकिन्छ । यदपी कुन चरण र विषयबाट पाठशाला सञ्चालन गर्ने भन्ने निर्णय मुख्य स्थानीय समस्या वा चुनौतीलाई ध्यान दिनु पर्ने हुन्छ ।



## नियमित सत्रहरू:

सहभागीहरूद्वारा पाठशाला संचालनका लागि दिन, बार, समय तय भएपछि जलवायु कृषक पाठशालाका वास्तविक सत्रहरु संचालन हुनेछन् । सत्रहरूको शुरू तथा संचालन गर्दा समूहमा भएको छलफल र त्यसको निर्णयको आधारमा गर्नु पर्नेछ ।

## तुलनात्मक अध्ययन/परिक्षणः

कृषकहरूको परम्परागत तरिका र उन्नत वा जलवायु अनुकूलनका तरिकालाई तुलनात्मक अध्ययन कृषक पाठशालाको एक प्रमुख सिकाई क्रियाकलाप हो । जलवायु परिवर्तन र त्यसका असरहरु अथवा तिनका उपायहरूको तुलनात्मक अध्ययन गर्नका लागि पाठशालाको अवधिमा वालीको वृद्धि चक्रमा उपयुक्त हुने गरी विभिन्न परिक्षणहरु गरिने छन् ।



## कार्यदिन/समापन :

यसका माध्यमबाट खास गरेर समूह भन्दा बाहिरका व्यक्तिहरूले जलवायु कृषक पाठशालामा आर्जन गरेको सिकाईहरु सम्बन्धी जानकारी लिने मौका पाउँछन् । यस दिनमा समूहका सदस्यहरूले आफ्ना अनुभव र आफुले सिकेका कुराहरु सुनाउने र आफु लगायत समूहले गरेका क्रियाकलापहरु (स्थलगत परिक्षण आदी) देखाई सो सम्बन्धी जानकारी दिने तथा अन्तरक्रियाहरु गर्नेछन् ।

यसका साथै कार्यदिन/समापनको आयोजना गर्दा यसले समूह सदस्यहरु तथा समूह र समाज तथा अन्य ब्यक्ति, संघ संस्थाहरूसंग हार्दिकता बढाउन पनि सहयोग पुग्दछ ।

## अन्तर समूह छलफलः

"अनुभवको आदान प्रदान" जलवायु कृषक पाठशालाको सिकाइको एक मुख्य आधार नै हो । समूहका सदस्यहरूका अलवा समूह-समूह बीच छलफलको आयोजना गर्नाले अनुभवको आदान प्रदान हुन गई सिकाइ प्रक्रिया अझ बढी प्रभावकारी बन्दछ । फेरी, दुई भिन्न समूहले छानेका प्राविधिक विषयहरु उसै पनि फरक फरक हुन सक्छन्, जसले गर्दा अन्तरसमूह छलफल मार्फत एक अर्को समूहका सदस्यहरूलाई नयाँ विषय सम्बन्धी जानकारी लिने अवसर प्राप्त हुन्छ ।

तर छलफलको शुरूवातमा जलवायु परिवर्तन र त्यसले पारेको असरहरूबाट हुनेछ । यसैसंग सम्बन्धित भएर समूहमा छलफल गरी मुख्य समस्याहरु किटान गर्ने, सोको न्यूनीकरण तथा अनुकूलन एवं उत्थानशीलका उपायहरु खोजी, त्यसको कार्यान्वयन गर्दै अन्तमा सिंगो ऋतु/मौसम भरीको सिकाई र भोगाई बारे छलफल गर्दै सिकाई सत्रको अन्त गरिनेछ । प्रभावकारी सिकाईका लागि विषयबस्तुहरूलाई व्यवस्थित र सिलसिलाबद्ध राख्नुपर्ने हुन्छ । त्यसकारण, समस्या, अवसर तथा सवालहरूको पहिचान र प्राथमिकिकरण गरेपछि ऋतु/मौसम भरीको सत्रहरु त्यसैमा केन्द्रित गर्नु पर्नेछ ।

## जलवायु कृषक पाठशाला कहिले सञ्चालन गर्ने ?

बाली चक्रमा आधारित भएर वर्ष भरी नै जलवायु कृषक पाठशाला संचालन गर्न सकिन्छ । तथापि समूहका सदस्यहरु र सहयोगी निकायहरूबिच छलफल गरी कुन बाली र कुन ऋतु/मौसममा संचालन गर्ने भन्ने कुरा तय गर्ने र आवश्यकता अनुसार सत्रहरु निर्धारण गरी पाठशाला संचालन गर्न सकिन्छ ।

## थप जानकारीका लागि सम्पर्क

**रूपान्तरण**

दोभान टोल, कोटेश्वर, काठमाण्डौं, नेपाल

फोन नं ०१–५१५४९४०

**Finn Church Aid (FCA Nepal)**

वालुबाटार, काठमाण्डौ, नेपाल